त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
# अनुगमन निर्देशनालय
# MONITORING DIRECTORATE
कीर्तिपुर, काठमाडौं, नेपाल
KIRTIPUR, KATHMANDU, NEPAL

In reply please refer to

Ref.No./प.सं.:

अ.च.नं. १०५/२०७६/०७७

मिति : २०७६ असोज २८

श्री डीनज्यू,
व्यवस्थापन संकाय,
डीनको कार्यालय, कीर्तिपुर।

**विषय : अन्य संस्थामा आंशिक रूपमा काम गर्ने पूर्वस्वीकृति बारे।**

त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० को परिच्छेद ९ को नियम ६९ तथा त्रिवि अनुगमन निर्देशनालय सम्बन्धी विनियम २०७३ अनुसार त्रिवि अन्तर्गतका विभिन्न अध्ययन संस्थान र संकायका डीन कार्यालयहरू तथा आंगिक क्याम्पसहरू, केन्द्रीय विभागहरू, अनुसन्धान केन्द्रहरू, शिक्षण अस्पतालहरू, केन्द्रीय कार्यालय लगायतका त्रि.वि.का सम्पूर्ण निकायहरूमा कार्यरत पूर्णकालीन शिक्षक कर्मचारीहरूले त्रिवि बाहेक अन्य निकाय वा संस्थामा आंशिक रूपमा काम गर्नको लागि यस निर्देशनालयबाट पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था भए अनुसार सो पूर्वस्वीकृति लिनका लागि भर्नुपर्ने आवेदन फाराम यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

आ.व.२०७६।०७७ मा अन्य संस्थामा काम गर्न चाहने त्यस क्याम्पस/कार्यालय/केन्द्र/निकायका शिक्षक कर्मचारीहरूलाई यसै पत्रसाथ संलग्न नमुना अनुसारको फाराम भर्न लगाई पूर्वस्वीकृतिको लागि यही **२०७६ मंसिर मसान्तसम्म** यस निर्देशनालयमा आइपुग्ने गरी पठाउनुहुन र सो सम्बन्धी अभिलेख दुरूस्त राख्नुहुन समेत अनुरोध छ।

(विष्णुप्रसाद खनाल)
कार्यकारी निर्देशक

(गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७६ साउन ८ गते प्रकाशित पूर्वस्वीकृति सम्बन्धी सूचना)

त्रिभुवन विश्वविद्यालय
**अनुगमन निर्देशनालयको**
**अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न अध्ययन संस्थान र संकायहरूका डीन कार्यालय तथा आङ्गिक क्याम्पसहरू, केन्द्रीय विभागहरू, अनुसन्धान केन्द्रहरू, शिक्षण अस्पतालहरू, केन्द्रीय कार्यालय लगायत त्रिविका अन्य निकायहरूमा कार्यरत पूर्णकालीन शिक्षक कर्मचारीहरूले अन्यत्र कुनै पनि निकाय वा संस्थामा आंशिक रूपमा काम गर्न चाहेमा त्रिभुवन विश्वविद्यालय अनुगमन निर्देशनालयबाट अनिवार्य रूपमा पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था भए बमोजिम आफू कार्यरत निकायमा तोकिएको सिफ्ट बाहेक अन्य समयमा अन्यत्र कुनै निकायमा काम गर्न चाहने इच्छुक शिक्षक कर्मचारीहरूले यस निर्देशनालयबाट अनिवार्य रूपमा पूर्वस्वीकृति लिनुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ। साथै पूर्वस्वीकृति नलिएका त्रिविका शिक्षक र कर्मचारीहरूलाई काममा नलगाउनुहुन समेत सम्बन्धित निकायलाई जानकारी गराइन्छ। पूर्वस्वीकृतिका लागि अनुमति माग गर्ने फाराम आफू कार्यरत निकाय/अनुगमन निर्देशनालय वा त्रिविको वेबसाइट www.tu.edu.np बाट प्राप्त गर्न सकिनेछ।